नेपाल सरकार
# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

☎ ९७७-१-४२११५१६
९७७-१-४२११५३१
फ्याक्स : ९७७-१-४२११५१०
सिंहदरबार, काठमाण्डौ

प.सं.:

च.नं.:

## प्रेस विज्ञप्ति

मितिः २०७९ । ०९ । ०३

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय र मनाङ्ग मर्स्याङ्दी हाइड्रोपावर कम्पनी प्रा.लि. बीच प्रारम्भिक हस्ताक्षर भएको मनाङ्ग मर्स्याङ्दी जलविद्युत आयोजनाको आयोजना विकास सम्झौता विद्युत ऐन, २०४९ को दफा ३५ बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्‌बाट स्वीकृत भएकोले आज २०७९/०९/०३ गते ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयमा एक समारोह बीच नेपाल सरकारको तर्फवाट ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सहसचिव श्री मधु प्रसाद भेटुवाल तथा मनाङ्ग मर्स्याङ्दी हाइड्रोपावर कम्पनी प्रा.लि. को तर्फबाट श्री उत्तर कुमार श्रेष्ठले सचिव (ऊर्जा) श्री दिनेशकुमार घिमिरेज्यूको उपस्थितिमा उक्त आयोजना विकास सम्झौतामा हस्ताक्षर गर्नु भएको छ । श्रीमान सचिवज्यूले उक्त सम्झौता ऐतिहासिक भएको र आयोजना समयमा सम्पन्न गर्ने सुनिश्चिताको लागि सरकार र प्रवर्द्धक दुबैले सम्झौताको पूर्ण पालना गर्नुपर्ने धारणा व्यक्त गर्नु भयो ।

निर्माण, स्वामित्व, सञ्चालन एवं हस्तान्तरण (BOOT Model) अवधारणा मा विकास गर्ने हेतुले आयोजना विकास सम्झौता भएको यस आयोजनाको जडित क्षमता १३५ मेगावाट र वार्षिक ऊर्जा उत्पादन सरदर ७६६.६ गिगावाट आवर रहेको छ । उक्त आयोजनाको विकास, निर्माण एवं सञ्चालनका लागि मिति २०७५/०९/०१ मा ३५ वर्षको लागि विद्युत उत्पादनको अनुमतिपत्र जारी भइसकेको छ । त्यसैगरी, उक्त आयोजनाबाट उत्पादित विद्युत खरिद बिक्री सम्बन्धमा नेपाल विद्युत प्राधिकरण र प्रवर्द्धक कम्पनी बीच मिति २०७७/१२/०९ मा विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भइसकेको छ । आयोजना विकास सम्झौतामा आयोजनाको अवधि समाप्त भएपश्चात आयोजना निःशुल्क नेपाल सरकारको स्वामित्वमा आउने व्यवस्था गरिएको छ । सम्झौतामा आयोजनाको अनुगमन; दुवै पक्षले गर्नु पर्ने कार्यहरु; पानीको प्रयोगको अनुमति; रोयल्टी तथा करहरु; नेपाली स्रोत साधनको प्रयोग; रोजगारी तथा शीप अभिवृद्धि; वातावरण तथा सामाजिक विकास; काबु बाहिरको परिस्थिति तथा जोखिम व्यवस्थापन लगायतका विषयहरु समेटिएको छ । साथै, आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुले १०% सम्म शेयर लगानी गर्न पाउने व्यवस्था यस सम्झौतामा गरिएको छ । चिनियाँ कम्पनीको प्रमुख शेयर लगानी रहेको मनाङ्ग मर्स्याङ्दी हाइड्रोपावर कम्पनी प्रा.लि. ले आयोजनामा Foreign Direct Investment मार्फत अधिकांश लगानी विदेशी मुद्रामा गर्नेछ । उक्त कम्पनीको शेयरहोल्डरहरुमा चिनियाँ कम्पनी एस सी आइ जी इन्टरनेशनल लिमिटेड, छिङ्गचेङ्ग इन्टरनेशनल इन्भेष्टमेन्ट कम्पनी लिमिटेड र क्यू वाइ ई सी इन्टरनेशनल कम्पनी लिमिटेड तथा बुटवल पावर कम्पनी रहेको छ ।

(मधु प्रसाद भेटुवाल)

सहसचिव एवम् प्रवक्ता